गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
✆ ९८५८०६५१११

प.सं. : २०८२/०८३
च. नं. :

# सीप विकास तालीमको आवेदन आव्हान सम्वन्धि सूचना

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२।११।१०**

उपरोक्त सम्बन्धमा उद्योग तथा व्यवसाय प्रर्वद्धन शाखाको आ.व. ०८२।०८३ को उपप्रमुख उद्यमशिलता तथा युवा स्वरोजगार कार्यक्रम अन्तरगत गुर्भाकोट स्तरीय ३ महिना (३९० घण्टा) आधारभूत फेसन डिजाईन सीप विकास तालीम प्रशिक्षार्थीहरुको लागत साझेदारीमा संचालन गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन र सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सम्म गुर्भाकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा ईच्छुक सिलाई कटाई व्यवसायिहरुले तपसिल बमोजिमको आवश्यक कागजात सहित निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**

(१) निवेदन,
(२) नागरिकताको प्रतिलिपी,
(३) तालीमको प्रमाणपत्रको प्रतिलिपी,
(४) सिलाई कटाई फर्म/उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी,
(५) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी,
(६) वडा कार्यालयको सिफारिस,१ प्रति फोटो ।
(७) तालीमको सिकाई पाठ्यक्रममा प्रयोग हुने कच्चा पदार्थ (कपडा) सम्बन्धित सहभागीले व्यहोर्ने व्यहोराको प्रतिबद्धता पत्र ।

**शर्तहरु**

- सूचना प्रकाशित भएको मिति भित्र दर्ता भएको टेलर र त्यसको प्रोपराईटरले निवेदन पेश गर्न पाउने छैन ।
- विगतका बर्षहरुमा नगरपालिका वा अन्य निकायबाट तह-२ सीप परीक्षण तयारी र फेसन डिजाईन सम्बन्धि तालीम लिएका सहभागीहरुले यस तालीमको लागी निवेदन दिन पाउने छैनन् ।

- **वोधार्थः श्री सूचना प्रविधि शाखा website मा upload गरिदिनुहुन।**

२०८२।११।१०
कृष्ण प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner